प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रममा उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुले भर्नाका लागि निवेदन दिने सम्बन्धी अत्यन्त जरुरी सूचना !

(सूचना प्रकाशित मिति २०८२।०५।१९ गते)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, पोलिटेक्निक महाशाखाको च.नं ५७४, मिति २०८२।०५।१३ गतेको पत्रानुसार चिकित्सा शिक्षा आयोगबाट कोटा निर्धारण समेत भइसकेकोले शैक्षिक शत्र २०८२/०८३ का लागि देहायको शिक्षण संस्थामा **प्रमाणपत्र तह नर्सिङ्ग** कार्यकममा परीक्षार्थी भर्नाका लागि लेखी आएको हुंदा वर्गीकृत (नि:शुल्क) छात्रवृत्ति बाहेकका तोकिएका कोटामा परीक्षा नियन्त्रण कार्यालयबाट मिति २०८२।०४।०५ गतेको गोरखापत्र राष्ट्रिय दैनिक र www.ctevtexam.org.np मा प्रकाशित सूचना अनुसार ITMS मा Online Entry भई पुर्ण शुल्कीय तर्फको प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमको भर्ना प्रक्रिया तथा योग्यताक्रममा नाम समावेश भई उत्तीर्ण सूची (Cut off/Pass list) मा रहेका सबै प्रदेशका (देशैभरीबाट) उम्मेदवारहरुले पुर्ण शुल्कीय लक्षित वर्ग, प्रि-डिप्लोमा, पुरुष नर्सिङ्ग कोटा र परिषद् कर्मचारी वा परिवार आरक्षण कोटाको उम्मेदवारले सोही कोटामा र सो बाहेक अन्य कोटामा उत्तीर्ण सूचीमा (Cut off/Pass list) रहेका उम्मेदवारले पुर्ण शुल्कीय खुला कोटामा तल दिइएको लिंकमा क्लिक गरी वा QR कोड स्क्यान गरी अनलाइन निवेदन Submit गर्न सकिनेछ। अनलाइनबाट निवेदन Submit भएका उम्मेदवारहरु मध्येबाट प्राप्तांकको योग्यताक्रमका आधारमा छनौट गरी योग्यताक्रम तथा भर्ना सिफारिश गर्नुपर्ने भएकाले इच्छुक आवेदकहरुले **अनलाइन निवेदन पेश गर्दा** Acceptance Card को प्रतिलिपी, प.नि.का.को वेवसाइटमा राखिएको नतिजा सिट र निवेदन संलग्न राखी मिति २०८२।०५।२५ गते बुधवार भित्रमा निवेदन Submit गराउनु हुन सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**भर्ना प्रकृया सम्वन्धी निर्देशन :**

१. डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनौट, छात्रवृत्ति बितरण तथा भर्ना सम्वन्धी निर्देशिका, २०८२ बमोजिम परिषद्, लुम्बिनी प्रदेश कार्यालयमा गठित नतिजा प्रकाशन कार्यटोलीले पुर्ण शुल्कीय तर्फका कोटा अनुसार अनलाइन दर्ता भएका निवेदनहरु मध्येबाट मुख्य र उत्तीर्ण सूचीको छनौट गरी योग्यताक्रमानुसार भर्ना सिफारिश तथा नतिजा प्रकाशन गर्नेछ।

**तपसिल :**

| लुम्बिनी प्रदेश अन्तर्गतको साझेदारी शिक्षण संस्था | | | |
|---|---|---|---|
| **क्र.सं** | **शिक्षण संस्थाको नाम, ठेगाना** | **प्रमाणपत्र तहको स्वीकृत कार्यक्रम** | **स्वीकृत कोटा** |
| १. | आम्दा इन्स्टिच्युट अफ हेल्थ साइन्स, बुटवल, रुपन्देही | प्रमाणपत्र तह नर्सिङ्ग | ४० |

२. **कोटा निर्धारण सम्वन्धी विवरण :**

| कोटा संख्या | छात्रवृत्ति कोटा | | पुर्ण शुल्कीय कोटाहरु | | | | |
|---|---|---|---|---|---|---|---|
| | बर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटा | जेहेन्दार छात्रवृत्ति कोटा | पुर्ण शुल्कीय लक्षित बर्ग कोटा | प्रि-डिप्लोमा कोटा | पुरुष नर्सिङ्ग कोटा | CTEVT कर्मचारी/परिवार कोटा | पुर्ण शुल्कीय खुला कोटा |
| प्रमाणपत्र तह नर्सिङ्ग | ३ | १ | ४ | ४ | ६ | १ | २१ |

३. **नतिजा प्रकाशन कार्यटोली :**

पूर्ण शुल्कीय तर्फको प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमको नतिजा प्रकाशन गर्न परिषद्, लुम्बिनी प्रदेश कार्यालयको सूचना प्रविधि शाखाको संलग्नतामा ३ सदस्यीय कार्यटोली रहनेछ। उक्त कार्यटोलीले निवेदन दिने अन्तिम मितिको भोली पल्ट देखि ३ दिन भित्रमा नतिजा प्रकाशन गर्नेछ।

**शर्तहरु :**

(क) बर्गीकृत (नि:शुल्क) छात्रवृत्ति कोटाको हकमा सम्वन्धित परिषद्, लुम्बिनी प्रदेश कार्यालयले शैक्षिक शत्र २०८२/०८३ का लागि मिति २०८२।०४।०५ गतेको सूचना बमोजिम परिषद्, लुम्बिनी प्रदेश कार्यालयको प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रममा सम्वन्धित वर्ग कोटाको उत्तीर्ण/प्रतिक्षा सूचीमा रहेका उम्मेदवारहरुबाट योग्यताक्रमानुसार छनौट गरी मुख्य उम्मेदवारको रुपमा सिफारिश गरी पठाउनेछ।

(ख) अनलाइन माध्यमबाट परीक्षार्थीले निवेदन Submit गर्दा कुनै शुल्क लाग्ने छैन। निवेदकको फोटो सहितको Acceptance Card को प्रतिलिपी, वेवसाइटमा प्रकाशित उम्मेदवारको उत्तीर्ण सूचीमा रहेको नतिजा सिट Printed कपी र परीक्षार्थीको निवेदन सहित Submit गर्नुपर्नेछ। तोकिएको समयमा निवेदन Submit नभएका परीक्षार्थीहरुको निवेदन उपर कुनै कारवाही हुने छैन।

(ग) मिति २०८२।०५।२५ गते बुधवार भित्रमा प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमको उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरुले मात्र निवेदन दर्ता गराउन सक्नेछन् तर मुख्य उम्मेद्वारको रुपमा सिफारिश भएको व्यक्तिले निवेदन पेश गरेको पाइएमा रद्ध हुनेछ।

(घ) परिषद्, लुम्बिनी प्रदेश कार्यालयबाट गठित नतिजा प्रकाशन कार्यटोलीले सिफारिश गरेको आधारमा प्रकाशित योग्यताक्रम सूचीका आधारमा मात्र भर्ना गर्नुपर्नेछ। प्रकाशित नतिजा परिषद्, प्रदेश कार्यालय र सम्बन्धित शिक्षण संस्थाको वेवसाइट र सूचनापाटीमा प्रकाशित गर्नुपर्नेछ। भर्ना पश्चात सिट रिक्त रहेमा भर्ना सम्वन्धी निर्देशिका बमोजिम शिक्षण संस्थाले रिक्त रहेको संख्या उल्लेख गरी गोरखापत्रमा सूचना प्रकाशन गर्नुपर्नेछ।

(ङ) आवेदकहरुको भर्ना प्रक्रिया तोकिएको मिति सम्ममा सम्पन्न गरी रजिष्ट्रेशनको प्रक्रिया समेत गर्नुपर्नेछ।

(च) शिक्षण संस्थाले परीक्षार्थीहरु भर्ना गर्दा डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनौट, छात्रवृत्ति बितरण तथा भर्ना सम्वन्धी निर्देशिका, २०८२ मा भएको व्यवस्था अनुसार गर्न/गराउनु हुन जानकारी गराइन्छ।

(छ) डिप्लोमा तथा प्रमाणपत्र तहको प्रति कार्यक्रम रु. ५,०००।- का दरले सूचना प्रकाशन शुल्क र एकै शिक्षालयमा सोही तहमा एक भन्दा बढी कार्यक्रम सञ्चालन भएको खण्डमा प्रति कार्यक्रम थप रु.३,०००।- का दरले हुन आउने थप रकम एकमुष्ठ रुपमा रजिष्ट्रेशन फाराम भर्दा बुझाउनु पर्नेछ।

(ज) Cut off बाट निवेदक प्रशिक्षार्थीहरु भर्ना गर्ने प्रक्रियाका सम्वन्धमा सम्वन्धित प्रदेश कार्यालय, परीक्षा नियन्त्रण कार्यालय वा परिषद् कार्यालयबाट जुनसुकै समयमा निरीक्षण हुन सक्नेछ। भर्नाका सम्वन्धमा कुनै कैफियत भेटिएमा वा उजुरी निवेदन प्राप्त भएमा भर्ना सम्वन्धी निर्देशिकाको प्रावधान बमोजिमको जरीवाना हुने वा परिषद्को ऐन, नियम, बिनियम बमोजिम शिक्षण संस्थालाई कार्यवाही हुन सक्नेछ।

(झ) अनलाइन निवेदनका लागि लिंक क्लिक गर्नुहोस्। https://forms.gle/XZukfkKuDfiEGn6a6

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ।**

**परीक्षा नियन्त्रक**